मस्यौदा

# अनौपचारिक शिक्षा तर्फको राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन कार्यविधि

## २०७९


नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

# हाम्रो भनाई

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीबाट मात्र मानव जीवनका लागि आवश्यक ज्ञान र सिप प्रर्याप्त हुदैन । सिकाइको अवसरलाई व्यक्तिको जीवनभरका लागि व्यवस्थित गर्न आवश्यक छ। यसको लागि अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको आवश्यकता पर्दछ । नेपालको संविधानले प्रत्येक नागरिकका लागि आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने गरी मौलिक हकको व्यवस्था गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत र माध्यमिक शिक्षा सहित अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, अभिभावक शिक्षा, सामुदायिक सिकाइ नीति आदि व्यवस्थापन स्थानीय तहमार्फत् हुने व्यवस्था गरेको छ । संवैधानिक रूपमा स्थापित भएको मौलिक हक कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ र नियमावली २०७७ लगायतको कानूनी व्यवस्था स्थापित भएको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका र औपचारिक विद्यालय शिक्षामा समावेश हुन इच्छुक व्यक्तिलाई उनीहरूको शैक्षिक अवस्थाको प्रमाणीकरणका आधारमा औपचारिक शिक्षामा प्रवेशको अवसर खुला गर्ने, सिकारुको पूर्व अनुभवलाई समेटी पाठ्यक्रमलाई लचिलो बनाउने प्रावधान राखेको छ । व्यक्तिको ज्ञान, सिप र क्षमतालाई पहिचान, वर्गीकरण र विकासका लागि आवश्यक उपकरण तथा प्रणालीको विकास गर्नुपर्ने हुन्छ। निश्चित ढाँचा वा पद्धतिमा सीमित नभई मानव जीवनका विभिन्न पक्षमा हुने स्वभोगाइ र अवसरबाट प्राप्त हुने सिकाइको सक्षमता मापन, समकक्षता परीक्षण एवम् सहजीकरण गर्नका लागि यो कार्यविधिको विकास गरिएको हो ।

चूडामणि पौडेल

महानिर्देशक

## परिच्छेद एक
## प्रारम्भिक

१ **सक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन कार्यविधि २०७९ रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि कार्यान्वयन हुने छ ।

२ **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “इकाइ” भन्नाले जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाई सम्झनु पर्छ।

(ख) “केन्द्र” भन्नाले शिक्षा तथा मानवस्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(ग) “विद्यालय” भन्नाले सामुदायिक विद्यालयका रूपमा स्थापना भइ सञ्चालनमा रहेको विद्यालय सम्झनु पर्छ ।

(घ) “मन्त्रालय” भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ङ) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिकालाई समेत वुझाउँछ ।

(च) “प्रारूप” भन्नाले राष्ट्रिय योग्यता प्रारूपलाई सम्झनु पर्छ ।

(छ) “समिति” भन्नाले दफा (४) बमोजिमको समकक्षता समित सम्झनु पर्छ।

(ज) "समकक्षता" भन्नाले विभिन्न माध्यमबाट हासिल ज्ञान तथा सिप लाई राष्ट्रिय योग्यता प्रारूप अनुसारका विभिन्न तहगत रूपमा व्याख्या भएका सक्षमताहरूका आधारमा समितिले निश्चित परीक्षण प्रक्रिया अवलम्बन गरी तोकिएका तह पूरा गरे सरहको मान्यतालाई सम्झनु पर्छ ।

(झ) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले नेपाल सरकार शिक्षा तथा मानवस्रोत विकास केन्द्रद्वारा आधिकारिक रूपमा सामुदायमा सञ्चालित सामुदायिक सिकाइ केन्द्रलाई सम्झनु पर्छ ।

**३ <u>उद्देश्यः</u>**

(१) यस कार्यविधिको प्रमुख उद्देश्य विभिन्न माध्यमबाट सिकेका ज्ञान सिप तथा अभिवृत्तिको निश्चित प्रक्रिया पूरा गरी परीक्षण तथा प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूप अनुसारका तहगत सक्षमता अनुरूप समकक्षता प्रदान गर्नु रहेको छ ।

(२) यस कार्यविधिका अन्य उद्देश्यहरू देहाय वमोजिम रहेका छन्

(क) शिक्षा तथा मानवस्रोत विकास केन्द्रद्वारा परीक्षणमा रहेका प्रारूप अनुसार विकसित शैक्षिक सामग्रीहरू पठनपाठन गर्ने वा स्वअध्ययन गर्ने व्यक्तिहरूको ज्ञान सिप तथा अभिवृत्ति परीक्षण तथा प्रमाणीकरण गर्नु ।

(ख) विभिन्न कारणबाट औपचारिक शिक्षाको अवसरबाट वञ्चित तथा स्व अध्ययन, कार्यथलोमा आधारित ज्ञान तथा सिप हासिल गरेका तर आधिकारिक रूपमा उक्त ज्ञान तथा सिपको परीक्षण तथा प्रमाणीकरण नभएका व्यक्तिहरूको ज्ञान तथा सिप परीक्षण

गर्नु र प्रारूप अनुसारको सक्षमता र तह सरह समकक्षता प्रदान गर्नु ।

(ग) अनौपचारिक रूपमा निरन्तर सिकाइको अवसर बृद्धि गर्नु र हासिल ज्ञान सिप तथा अभिवृति परीक्षण एवम् प्रमाणीकरण गरी उच्च तहको औपचारिक शिक्षामा प्रवेश गर्ने अवसर प्रदान गर्नु ।

(घ) प्रारूप अनुसार तहगत रूपमा तय भएका सक्षमताहरूका आधारमा समकक्षता तथा प्रमाणीकरण कार्यलाई व्यवस्थापन गर्नु ।

## परिच्छेद दुईः
## समकक्षता समिति

**४ समकक्षता परीक्षण तथा प्रमाणीकरण समितिः**

(१) प्रारूप अनुसारका विभिन्न तहहरूको सक्षमतामा आधारित भइ ज्ञान सिप तथा दक्षताहरूको समकक्षता परीक्षण तथा प्रमाणीकरणका लागि समकक्षता परीक्षण तथा प्रमाणीकरण समितिहरू रहने छन् ।

(२) प्रारूपले तय गरेको तह तीन का सक्षमतामा आधारित ज्ञान सिप तथा अभिवृत्तिको परीक्षण तथा प्रमाणीकरणका लागि प्रत्येक स्थानीय तहमा एक समकक्षता परीक्षण तथा प्रमाणीकरण समिति रहने छ ।

(३) प्रारूपले तय गरेको तह चारका सक्षमतामा आधारित ज्ञान सिप तथा अभिवृत्तिको परीक्षण तथा प्रमाणीकरणका लागि संघीय तहमा एक समकक्षता तथा प्रमाणीकरण समिति रहने छ ।

**५ स्थानीय तहमा गठित समकक्षता परीक्षण तथा प्रमाणीकरण समितिः**

(१) प्रत्येक स्थानीय तहमा देहायवमोजिमको एक समकक्षता तथा प्रमाणीकरण समिति रहने छः

(क) पालिकाका उपप्रमुख वा उपाध्यक्ष — अध्यक्ष
(ख) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट
(ग) पालिकाले मनोनित गरेको प्रधानाध्यापक — सदस्य
(घ) शिक्षा विकास तथा समन्वय इकाइको प्रमुख — सदस्य
(ङ) पालिका शिक्षा समितिको प्रतिनिधि — सदस्य
(च) पालिकाका शिक्षा प्रमुख — सदस्य

(छ) सामुदायिक सिकाइ केन्द्रका व्यवस्थापन समितिका

(ज) अध्यक्षहरू मध्येबाट समितिले मनोनित गरेको एक जना सदस्य

(झ) अनौपचारिक तथा वैकल्पिक शिक्षा सम्बन्धी विज्ञ सदस्य

(ञ) पालिकामा कार्यरत शिक्षा प्रमुख सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

(३) समकक्षता तथा प्रमाणीकरण समितिले यो कार्यविधि तथा प्रचलित कानुन बवोजिम आफ्नो कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउन सक्ने छ ।

(४) समितिले योग्यता परीक्षण तथा प्रमाणीकरण कार्यमा सहजता प्रदान गर्न परीक्षणका लागि प्रश्नपत्र तयार तथा प्रमाणीकरण सम्बन्धी अन्य प्राविधिक कार्य सम्पादन गर्नका लागि आवश्यकता अनुसार प्राविधिक उपसमितिहरू गठन गरी कार्यान्वयनमा ल्याउन सक्ने छ ।

(५) उपदफा (३) अनुसार गठित समितिको समयावधि समितिले तोके वमोजिम हुने छ ।

(६) उपदफा (३) अनुसार समितिको काम कर्तव्य र अधिकार समितिले तय गरे अनुसार हुनेछ ।

## ६ **संघीय समकक्षता परीक्षण तथा प्रमाणीकरण समितिः**

(१) संघमा प्रारूप अनुसार तह चार र पाँच सरहको सक्षमतामा आधारित ज्ञान, सिप तथा अभिवृत्तिको योग्यता परीक्षण तथा प्रमाणीकरणका लागि

एक समकक्षता परीक्षण तथा प्रमाणीकरण समिति रहने छ ।

(२) संघमा रहने समकक्षता परीक्षण तथा प्रमाणीकरण समिति देदायवमोजिम हुने छः

| | |
|---|---|
| (क) सहसचिव शैक्षिक व्यवस्थापन महाशाखा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | अध्यक्ष |
| (ख) महानिर्देशक शिक्षा तथा मानवस्रोत विकास केन्द्र | सदस्य |
| (ग) उपमहानिर्देशक शिक्षा तथा मानवस्रोत विकास केन्द्र (वैकल्पिक शिक्षा हेर्ने) | सदस्य |
| (घ) महानिर्देशक पाठ्यक्रम विकास केन्द्र | सदस्य |
| (ङ) विश्वविद्यालयका प्राध्यापकहरू मध्येबाट मन्त्रालयले मनोनित गरेको अनौपचारिक शिक्षाको विज्ञ | सदस्य |
| (च) अनौपचारिक तथा वैकल्पिक शिक्षा सम्बन्धी मन्त्रालयले मनोनित विज्ञ | सदस्य |
| (छ) प्रमुख परीक्षा नियन्त्रण कार्यालय राष्ट्रिय परीक्षा वोर्ड | सदस्य |
| (ज) प्रमुख पाठ्यक्रम विकास केन्द्र त्रिभूवन विश्वविद्यालय | सदस्य |
| (झ) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट मन्त्रालयले मनोनित गरेको | सदस्य |

(ञ) केन्द्रको अनौपचारिक शिक्षा हेर्ने निर्देशक    सदस्य सचिव

(३) समितिले योग्यता परीक्षण तथा प्रमाणीकरण कार्यमा सहजता प्रदान गर्न परीक्षणका लागि प्रश्नपत्र तयार तथा प्रमाणीकरण सम्बन्धी अन्य प्राविधिक कार्य सम्पादन गर्नका लागि आवश्यकता अनुसार प्राविधिक उपसमितिहरू गठन गरी कार्यान्वयनमा ल्याउन सक्ने छ ।

(४) उपदफा ३ अनुसार गठित समितिको समयावधि समितिले तोके वमोजिम हुनेछ ।

(५) उपदफा ३ अनुसार समितिको काम कर्तव्य र अधिकार समितिले तय गरे अनुसार हुनेछ ।

(६) समितिको सचिवालय शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा रहने छ ।

# परिच्छेद तीन

## समकक्षता परीक्षण तथा प्रमाणीकरण समितिको काम कर्तव्य र अधिकार

७ **सघीय समकक्षता परीक्षण तथा प्रमाणीकरण समितिको काम कर्तव्य र अधिकार**

(१) राष्ट्रिय योग्यता प्ररूप कार्यावयनका लागि कानुनी तथा संगठनात्मक विषयमा स्पष्ट अवधारणा तयार गरी मन्त्रालयमा प्रतिवेदन गर्ने ।

(२) अनौपचारिक, वैकल्पिक एवम् जीवनपर्यन्त सिकाइसँग सम्वन्धित निश्चित मापदण्ड पूरा गरेका सामग्रीहरूको अभिलेख कायम गरी प्रमाणित गर्ने ।

(३) तात्कालीन अनौपचारिक शिक्षा केन्द्रवाट विकास भएका वा प्रक्रिया शुरू भई अन्तिमीकरण हुन वाँकि रहेका तहगत सक्षमता र स्रोत सामग्रीहरू स्वीकृत गर्ने ।

(४) अनौपचारिक शिक्षा एवम् जीवनपर्यन्त सिकाइका लागि संस्थागत सञ्जाल निर्माण गरी परिचालन गर्ने गराउने ।

(५) खुला शिक्षा प्रणालीवाट  कक्षा १० सम्म सञ्चालन भएका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक मापदण्ड विकास गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने

(६) खुला तथा वैकल्पिक शिक्षा अनौपचारिक प्रौढ विद्यालय तथा परम्परागत विद्यालयहरूको अवस्था अध्ययन गरी संस्थागत क्षमता अभिवृद्धि एवम् प्रवर्धनात्मक कार्यका लागि सहजीकरण गर्ने

(७) प्रारूपले तय गरेको सक्षमताका आधारमा तह चार सम्मको ज्ञान सिप तथा अभिवृत्ति परीक्षण तथा प्रमाणीकरण कार्य सम्मन्न गर्ने

(८) परीक्षण तथा प्रमाणीकरण सम्बन्धी परिच्छेद ४ अनुसारको प्रक्रिया अवलम्बन गरी तह चार सम्मको योग्यता परीक्षण गरी मान्यता तथा समकक्षता प्रमाणपत्र जारी गर्ने

(९) परीक्षण तथा प्रमाणीकरण भएका व्यक्तिहरूको अभिलेख राख्ने र आवधिक रूपमा अद्यावधिक गर्ने

(१०) योग्यता परीक्षण तथा प्रमाणीकरण कार्यमा सहजता प्रदान गर्न गठित प्राविधिक उपसमितिहरूको कार्यविवरण तोक्ने

## ८ स्थानीय तहमा गठित समितिको काम कर्तव्य र अधिकारः

(१) प्रारूप अनुसार तह तीन सम्मको समकक्षता परीक्षण तथा प्रमाणीकरण सम्बन्धी देहायका कार्यहरू सम्पन्न गर्नेः

(क) समकक्षता परीक्षण तथा प्रमाणीकरण सम्बन्धी कार्यतालिका निर्माण गरी कार्यान्वयन गर्ने

(ख) समकक्षताका परीक्षण तथा प्रमाणीकरणका लागि सार्वजनिक सूचना जारी गर्ने

(ग) समकक्षता परीक्षणणका लागि तोकीए अनुसार अनुसूची १ को आवेदन सङ्कलन गर्ने

(घ) समकक्षता परीक्षणका लागि प्रारूपले तय गरेको तहगत सक्षमतामा आधारित भइ कार्य सञ्चालन गर्न स्थानीय तहमा विज्ञको समूह गठन गर्ने

(ङ) विज्ञ समूह परिचालन गरी प्रश्नपत्र निर्माण गर्ने र प्रश्नपत्रको मोडरेशन गर्ने

(च) समकक्षता परीक्षणका लागि परीक्षा सञ्चालन गर्ने

(छ) समकक्षता परीक्षाको नतिजा प्रकाशन गर्ने र उत्तिर्ण व्यक्तिहरूको लागि समकक्षता प्रमाणपत्र जारी गर्ने

(ज) प्रारूपले तय गरेको तह १ र २ का लागि योग्यता परीक्षण तथा प्रमाणीकरण कार्य गर्न उपर्युक्त सामुदायिक विद्यालय वा सामुदायिक अध्ययन केन्द्रको पहिचान गरी उक्त तहका योग्यताको समकक्षता सम्बन्धि कार्य गर्ने गराउने

(झ) सामुदायिक विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रहरूलाई प्रारूप अनुसार तह १ र २ को योग्यता परीक्षण तथा प्रमाणीकरणका लागि अत्यावश्यक क्षमता विकास गर्ने

(ञ) प्रारूपको व्यवस्था समकक्षताको महत्व समकक्षताका आधारमा उच्च तहका कक्षाहरूमा भर्नाभइ औपचारिक शिक्षा हासिल गर्न सकिने व्यवस्थाका बारेमा समुदाय तहमा प्रवोधीकरण गर्ने ।

(ट) आवश्यकता अनुसार प्राविधिक उपसमिति गठन गरी समकक्षताका सम्बन्धी कार्यमा प्राविधिक सहयोग प्राप्त गर्न सक्ने छ ।

(ठ) स्थानीय तहबाट निर्दिष्ट समकक्षता परीक्षण तथा प्रमाणीकरण सम्बन्धी अन्य कार्यहरू गर्ने

(२) समितिको वैठक आवश्यकता अनुसार वस्ने छ ।

(३) अध्यक्षसँगको परामर्शमा समितिका सदस्य सचिवले समितिको बैठक वोलाउने छ ।

(४) समकक्षता परीक्षण पश्चात् सफल र समकक्षता प्रमाण पत्र जारी गरिएका व्यक्तिहरूको अभिलेख राखनेछ ।

(५) प्रमाणीकरण प्रक्रिया तथा समितिको वैठकमा विषयको प्रक्रिति अनुसार आवश्यकता अनुसार बढीमा २ जना सम्म विज्ञहरूलाई आमन्त्रण गरी सहभागि गराउन सकिने छ ।

## ९ <u>समकक्षता परीक्षण तथा प्रमाणीकरणका लागि आवेदनः</u>

(१) सम्बन्धित व्यक्तिले आफुले प्राप्त गरेको ज्ञान सिप तथा दक्षताका आधारमा कुन तहको समकक्षता परीक्षणमा सहभागि हुने हो सो यकिन गरी समितिमा अनुसूची १ को ढाँचा अनुसार आवेदन दिनु पर्ने छ ।

(२) विद्युतीय रूपमा आवेदन गर्न सकिने गरी समितिले आवेदन फारामलाई डिजिटाइज गरी परीक्षण तथा समकक्षता प्रमाणीकरण ट्यावको व्यवस्था गरी त्यसको सर्वसुलभ पहुँच सुनिश्चत गरिनेछ ।

(३) आवेदन गर्दा यो कार्यविधिले तय गरेको अनुसूची ३ तह १ तह २ र तह ३ अनुसारका तहगत स्वमूल्याङ्कन फाराम अनिवार्य रूपमा भर्नु पर्ने छ ।

(४) स्वमूल्याङ्कन फारमका आधारमा सहभागिको पूर्व ज्ञान तथा सिपको अवस्था यकिन गरी व्यक्तिगत फायल कम्प्यूटरमा व्यवस्थित गरिनेछ ।

**१० <u>आवेदन दस्तुरः</u>**

(१) समकक्षताका लागि आवेदन दिँदा समितिले तोकिए अनुसारको आवेदन दस्तुर दाखिला गर्नु पर्नेछ ।

(२) पेस भएको निवेदन उपर परिच्छेद ४ मा उल्लेखित परीक्षण तथा प्रमाणीकरण प्रक्रिया अनुसार परीक्षण तथा प्रमाणीकरण सम्बन्धी कार्य अगाडी बढाइने छ ।

**११ <u>आर्थिक स्रोत व्यवस्थापनः</u>**

(१) समकक्षता तथा प्रमाणीकरण समितिको आर्थिक कारोवारका लागि समितिको नाममा एक कोष रहने छ ।

(२) समितिको कोषमा देहाय वमोजिमको रकम रहने छः

(क) सघ प्रदेश वा स्थानीय सरकारबाट प्रदान हुने एकमुष्ट अनुदानको रकम

(ख) परिक्षार्थीहरूबाट परीक्षण तथा प्रमाणीकरणका लागि आवेदन शुल्क बापत लाग्ने सेवा शुल्क बापतको रकम

(ग) समितिका नाममा अन्य स्रोतबाट प्राप्त हुन आएको रकम

(३) समितिको नाममा वैङ्कमा एक खाता रहने छ र समितिको अध्यक्ष र आर्थिक कारोवार हेर्ने अधिकृतको संयुक्त दस्तखतबाट खाताको सञ्चालन हुने छ ।

## परिच्छेद चार

## समकक्षता परीक्षण तथा प्रमाणीकरण प्रक्रिया

**१२ निवेदन रूजुः**

(१) दफा ८ अनुसार पेस भएको निवेदनको रूजु गरी समकक्षताको लागि माग भएको प्रारूप अनुसारको तह र कक्षा यकिन गरी कम्प्युटरमा प्रविष्ट गरी दर्ता नम्बर प्रदान गर्नु पर्ने छ ।

(२) दफा ८ अनुसारको निवेदनका साथ निवेदकले अनुसूचि अनुसारको स्वमूल्याङ्कन फाराम समेत वुझाउनु पर्ने छ ।

**१३ प्रश्नपत्र निर्माणः**

(१) निर्णय अनुसार स्थानीय तहमा तयार गरिएको विज्ञहरूको रोष्टर प्रयोग गरी प्रारूपले तय गरेको तहगत सक्षमतामा आधारित भइ ज्ञान तथा सिप परीक्षणका लागि प्रश्नपत्रहरू तयार गरिने छ ।

(२) विज्ञहरू परिचालन गरी प्रश्नपत्रहरूको मोडरेशन गरी अन्तिमरूप प्रदान गरिनेछ ।

(३) प्रश्नपत्रहरू निर्माण तथा मोडेरेशन गर्दा गोपनीयता पूर्णरूपमा कायम गरिनेछ।

(४) उपदफा (२) र (३) अनुसारको कार्यमा संलग्न व्यक्तिहरूको नाता पर्ने व्यक्ति परीक्षण तथा प्रमाणीकरण प्रक्रियामा सहभागि हुने अवस्थामा उक्त व्यक्तिहरू यो प्रक्रियामा सहमागि हुने छैनन् ।

१४ **<u>समकक्षता परीक्षण समय तालिकाः</u>**

(१) समकक्षता परीक्षण तथा प्रमाणीकरण समितिले समकक्षता परीक्षण तथा प्रमाणीकरण समय तालिका निर्माण गरी सार्वजिनक रूपमा सूचना जारी गर्नु पर्ने छ ।

(२) सामान्यतया वार्षिकरूपमा समकक्षता परीक्षण तथा प्रमाणीकरण गर्ने गरी समय तालिका निर्धारण गर्नु पर्ने छ ।

(३) माथि उपदफा (२) मा जेसुकै कुरा लेखिए तापनि निवेदनको सङ्ख्या र चापका आधारमा समकक्षता तथा प्रमाणीकरण समितिले समकक्षता तथा प्रमाणीकसरण कार्यलाई आवश्यकता अनुसार तय गरी समकक्षता परीक्षण तथा प्रमाणीकरण कार्य सञ्चालन गर्न सक्नेछ ।

१५ **<u>समकक्षता परीक्षणका लागि परीक्षा सञ्चालनः</u>**

(१) समकक्षता परीक्षणका लागि आवेदन दिने व्यक्तिहरूका लागि समकक्षता तथा परीक्षा सञ्चालन गरिने छ ।

(२) समकक्षता परीक्षण तथा प्रमाणीकरण परीक्षा सञ्चालनका लागि समकक्षता परीक्षण तथा प्रमाणीकरण समितिले परीक्षा केन्द्र तय गर्नु पर्ने छ

(३) सामुदायिक सिकाइ केन्द्र वा सामुदायिक विद्यालयलाई समकक्षता तथा प्रमाणीकरण परीक्षा केन्द्रका रूपमा तोक्नु पर्ने छ ।

(४) विषय र प्रक्रितिका आधारमा परीक्षण कार्य सञ्चालनका लागि प्राविधिक शिक्षालयहरू वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

परिषदबाट सम्बन्धन प्राप्त तालिम केन्द्रलाई पनि परीक्षण केन्द्रकारूपमा तय गर्न  सकिने छ ।

**१६ पूर्व ज्ञान तथा सिपको परीक्षण तथा प्रमाणीकरण (Recognition of Prior Learning-RPL):**

(१) व्यक्तिले अनौपचारिक अनियमित अरितिक पेसा तथा कार्यथलोमा आधारित र जीवन्त अनुभवबाट हासिल गरेको पूर्व ज्ञान तथा सिप परीक्षण तथा प्रमाणीकरण गरी समकक्षता प्रदान गरिने छ ।

(२) उपदफा (१) अनुसार परीक्षण तथा प्रमाणीकरण र समकक्षता प्रदान गर्दा  राष्ट्रिय योग्यता पारूपले तय गरेको तहगत सक्षमतालाई प्रमुख आधार बनाइने छ ।

(३) पूर्व ज्ञान तथा सिप परीक्षण तथा प्रमाणीकरण गर्दा व्यक्तिको सिकाइ पोर्टफोलियो, स्वमूल्याङ्कन, लिखित परीक्षा, अन्तरर्वाता, प्रयोगात्मक परीक्षा, अवलोकन जस्ता विधि तथा साधनहरू प्रयोगमा ल्याउनु पर्ने छ ।

**१७ <u>उत्तरपुस्तिका परीक्षणः</u>**

(१) परीक्षण पश्चात समकक्षता तथा प्रमाणीकरओ समितिले उत्तर पुस्तिका परीक्षण गर्नुपर्ने छ ।

(२) माथि उपदफा (१) अनुसारका उत्तरपुस्तिकाहरू परीक्षणका लागि सामुदायिक विद्‌यालयका अनुभवी शिक्षकहरू परिचालन गरी परीक्षण गर्नु पर्ने छ ।

(३) परीक्षण पश्चात् समकक्षता तथा प्रमाणीकरण समितिले नतिजा प्रकाशन गर्नेछ

(४) परीक्षाको नतिजाका आधारमा समकक्षता प्रमाणीकरण गरी समकक्षता निर्धारण गर्नेछ

१८ **प्रमाणपत्र जारीः**

(१) दफा ११ उपदफा ७ अनुसार प्रमाणीकरण तथा समकक्षता निर्धारण भएका व्यक्तिहरूलाई अनुसूची २ अनुसारको ढाँचामा समकक्षता तथा मान्यता प्रमाणपत्र जारी गरिने छ ।

(२) माथि उपदफा (१) अनुसारको प्रमाणीकरण पत्र जारी गर्दा तह तीन सम्म सम्बन्धित स्थानीय तहमा रहने समकक्षता तथा प्रमाणीकरण समिति र तह ४ को हकमा संघमा रहने समकक्षता तथा प्रमाणीकरण समितिले गर्ने छ ।

१९ **अभिलेख व्यवस्थापनः**

(१) समकक्षता तथा प्रमाणीकरणको अभिलेख अद्यावधिक गरिने छ ।

(२) परीक्षण तथा प्रमाणीकरण समितिले परीक्षण तथा प्रमाणीकरण भएका व्यक्तिहरूको अभिलेख राख्नु पर्ने छ ।

(३) समकक्षता सम्बन्धी प्रमाणीकरणको अभिलेख पालीका तह र संघमा अद्यावधिक गरिने छ । यसका लागि केन्द्रिय इमिस पद्दतिमा अलगै ट्यावको व्यवस्था गरीने छ ।

(४) स्थानीय तहका समकक्षता तथा प्रमाणीकरण समितिले समकक्षता तथा प्रमाणीकरण सम्बन्धी अभिलेख फ्ल्यास प्रतिवेदनका साथ अद्यावधिक गर्नु पर्ने छ ।

(५) शिक्षा तथा मानवस्रोत विकास केन्द्रले अनौपचारिक तथा वैकल्पिक शिक्षा तथा समकक्षता र योग्यता प्रमाणीकरण सम्बन्धी अभिलेखका लागि अलगै सूचना तथा तत्थ्याङ्क पद्दति विकास गरी सस्थागत गर्ने छ ।

२० **समन्वयन सहकार्य र अनुगमनः**

(१) राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयनका क्रममा विभिन्न निकायहरू विच समन्वय सहकार्य तथा अनुगमन गरिने छ ।

(२) राष्ट्रिय योग्यता प्रारूप अनुसारको परीक्षण तथा प्रमाणीकरण र व्यावसायिक शिक्षा योग्यता प्रारूप विच उचित समन्वय र सहकार्य गरी परीक्षण, प्रमाणीकरण कार्य र तिनको गुणस्तरका बारेमा नियमित अनुगमन गरी आवश्यक सुझावहरूका आधारमा परीक्षण तथा प्रमाणीकरण कार्यलाई थप व्यववस्थित गरिनेछ ।

(३) राष्ट्रिय योग्यता प्रारूप अनौपचारिक तह ४ बरावरको परीक्षण तथा समकक्षता प्रमाणीकरण गरी जारी समकक्षता प्रमाण पत्रको राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रमबजारबाट समान मान्यता प्राप्त गर्ने अवस्था सुनिश्चित गर्न लोकसेवा आयोग, शिक्षक सेवा आयोग, तथा त्रिवि आयोग लगायतसँग उचित समन्वय गरी समकक्षताको अवस्था सुनिश्चित गरिने छ ।

(४) राष्ट्रिय योग्यता प्रारूप अनुसार जारी सकमक्षता प्रमाणपत्रको अन्तराष्ट्रिय मान्यता तथा समकक्षताका लागि मुख्य मुख्य श्रमबजारसँग सम्बन्धित देशहरूसँग कुटनीतिक परामर्शका आधारमा

समकक्षता तथा मान्यता सम्बन्धी व्यवस्थाका लागि उचित समन्वय र सहकार्य गरिनेछ ।

(५) उपदफा (४) अनुसारको कुटनीतिक पहलका लागि मन्त्रालय जिम्मेवार हुनेछ ।

२१ **<u>पाठ्यघण्टा यसको स्थानान्तरण र पाठ्यघण्टा वैङ्किङ्सम्बन्धी व्यवस्थाः</u>**

(१) राष्ट्रिय योग्यता प्रारूपको विभिन्न तहको पाठ्यघण्टाका आधारमा ज्ञान सिप तथा अभिवृत्तिको परीक्षण तथा प्रमाणीकरण गरिने छ ।

(२) प्रत्येक व्यक्तिले पूरा गरेको पाठ्यघण्टाको तहगत रूपमा अभिलेख गरिने छ ।

(३) अभिलेखका आधारमा सम्बन्धित व्यक्तिले तोकिएको तह अनुसारको पाठ्यघण्टा बरावरको सिकाइ भए नभएको र तहगत पाठ्यघण्टा पुगे नपुगेको अभिलेख क्रेडिट वैङ्कमा जम्मा गरी अद्यावधिक गरिनेछ ।

(४) समकक्षता परीक्षण तथा प्रमाणीकरण पश्चात् पूरा तह पूरा गरेको क्रेडिट वा उपल्लो तहको शैक्षिक योग्यताका लागि नपुग पाठ्यघण्टाको अभिलेख गरिने छ । साथै कुनै व्यक्ति अन्य मुलुकमा वा अन्य विश्वविद्यालयमा बा अन्य औपचारिक विद्यालयमा पठन पाठन गर्न चाहेमा उसले हासिल गरेको पाठ्यघण्टा स्थानान्तरण गरिने छ ।

२२ **गुणस्तर व्यवस्थापनः**

(१) केन्द्रले योग्यता प्रारूप अनुसार योग्यता परीक्षण तथा प्रमाणीकरणको गुणस्तर सुनिश्चित गर्न गुणस्तर मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउन सक्नेछ ।

(२) समकक्षता परीक्षण तथा प्रमाणीकरण समिति गुणस्तरीय परीक्षण तथा प्रमाणीकरणका लागि जिम्म्वार हुनेछ । केन्द्रबाट विकसित गुणस्तर मापदण्डका आधारमा योग्यताको परीक्षण तथा प्रमाणीकरण कार्य गर्ने छ।

(३) गुणस्तर व्यवस्थापका लागि समितिले गुणस्तर व्यवस्थापन उपसमिति गठन गरी परिचालन गर्न सक्नेछ ।यस उप समितिको कार्य विधि र कार्य जिम्मेवारी समितिले तय गरे अनुसार हुनेछ ।

**२३ समकक्षता परीक्षण तथा प्रमाणीकरण सिद्धान्तः**

(१) केन्द्रले राष्ट्रिय योग्यता प्रारूपअनुसार योग्यताको परीक्षण तथा प्रमाणीकरणका लागि निश्चित सिद्धान्तहरू स्थापित गरी कार्यान्वयनमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) अनुसार योग्यता परीक्षण तथा प्रमाणीकरणसम्बन्धी सिद्धान्त तय गर्दा निष्पक्षता सिद्धान्तहरू अवलम्बन गर्न सक्नेछ ।

(३) समकक्षता परीक्षण तथा प्रमाणीकरण सिद्धान्त तय गर्दा केन्द्रले एकीकृत तालिम तथा शिक्षा प्रदान गर्ने नीति अवलम्बन गरी

सिद्धान्त र अभ्यास, ज्ञान तथा सिप, मूल्य तथा मान्यता, नीति तथा अभ्यासहरूलाई उचित ध्यान दिनेछ ।

२४ **<u>क्षमता विकासः</u>**

(१) केन्द्रले योग्यता प्रारूप अनुसार योग्यताको परीक्षण तथा प्रमाणीकरणका लागि अत्यावश्यक क्षमता विकास गर्ने छ ।

(२) केन्द्र तह प्रदेश तथा स्थानीय तहमा कार्यरत सम्बन्धित पदाधिकारीहरूको सक्षमता विकास गरिनेछ ।

(३) स्थानीय तहमा गठन हुने समकक्षता परीक्षण तथा प्रमाणीकरण समिति, सामुदायिक सिकाइ केन्द्र तथा तोकिएका सामुदायिक विद्यालयहरूको क्षमता विकास गरी तह तीन सम्मको योग्यता परीक्षण तथा प्रमाणीकरण कार्यलाई थप सहजीकरण कार्यका लागि जिम्मेवार बनाइनेछ ।

## परिच्छेद पाँचः

## विभिन्नय निकायहरूको भूमिका

**२५ शिक्षा विज्ञान प्रविधि मन्त्रालयः**

(१) प्रारूप अनुसार अनौपचारिक शिक्षा तह चार सम्मको योग्यता परीक्षण तथा प्रमाणीकरणका लागि स्थानीय सरकारलाई जिम्मेवारी प्रदान गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।

(२) अनौपचारिक शिक्षा तह चार प्रारूप स्वीकृत गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने

(३) अनौपचारिक शिक्षा प्रारूप कार्यान्वयन कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने

(४) अनौपचारिक शिक्षासम्बन्धी मापदड विकास गरी कार्यान्वयनका लागि सहजीकरण गर्ने

(५) तह चार सम्मको योग्यता परीक्षण तथा प्रमाणीकरण कार्यको अनुगमन गरी  आवश्यक पृषठपोषण प्रदान गर्ने

**२६ शिक्षा तथा मानवस्रोत विकास केन्द्रः**

(१) प्रारूप सम्बन्धी व्यवस्थाका बारेमा प्रदेश तथा स्थानीय सरकार सामुदायिक विद्यालय तथा सामुदायिक अध्ययन केन्द्र तह सम्म प्रवोधीकरण गर्न सहजीकरण गर्ने ।

(२) स्थानीय तहमा प्रारूप अनुसार तह ४ सम्मको ज्ञान तथा सिप परीक्षण र प्रमाणीकरण कार्यका लागि विद्यालय वा सामुदायिक सिकाइ केन्द्रहरूको पहिचान गर्न लगाइ परिचालन गर्ने ।

(३) स्थानीय सरकारको सक्षमता विकास गरी परीक्षण तथा प्रमाणीकरणकार्यमा सहजीकरण गर्ने ।

(४) अनौपचारिक शिक्षाबाट गरिने सिकाइलाई सहजीकरण गर्न प्रारूपले तय गरेका तहगत सक्षमताका आधारमा अत्यावश्यक सिकाइ समग्रीहरू विकास, परीक्षण तथा अन्तिमीकरण गर्ने र तिनको सर्वसुलभता कायम गर्ने ।

(५) अनौपचारिक शिक्षत तह ४ सम्मको समकक्षता तथा मान्यता प्रदान गरिएका व्यक्तिहरूको अभिलेखीकरण गर्ने ।

(६) शिक्षा विकास तथा समन्वय इकाइलाई स्थानीय सरकारबाट अनौपचारिक शिक्षा तह चार सम्मको योग्यता प्रमाणीकरण प्रक्रियामा सहजीकरणका लागि परिचालन गर्ने

(७) विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रलाई अनौपचारिक शिक्षा तह एक र तह दुई सम्मको योग्यता प्रमाणीकरणका लागि सस्थागत सुधार तथा सक्षमता विकास गरी जिम्मेवार बनाउने

(८) सघीय तहमा रहेको समकक्षता परीक्षण तथा प्रमाणीकरण समितिको सचिवालयको कार्य गर्ने

२७ **<u>स्थानीय सरकार (पालिका/ नगरपालिका तह):</u>**

(१) राष्ट्रिय योग्यता प्रारूपले व्यवस्था गरेका शैक्षिक योग्यताका तह यसको कार्यान्वयनमा सामुदायिक सिकाइ केन्द्र तथा विद्यालयहरूको भूमिकाका बारेमा प्रवोधीकरण गर्ने ।

(२) दफा ५ उपदफा (१) अनुसार प्रारूप कार्यान्वयनका लागि स्थानीय तहमा परीक्षण तथा प्रमाणीकरण समिति गठन गर्ने ।

(३) प्रारूप अनुसार हुने अनौपचारिक शिक्षा तह चार सम्मको योग्यता परीक्षण तथा प्रमाणीकरण प्रक्रिया सम्पन्न गर्ने ।

(४) परीक्षण तथा प्रमाणीकरण प्रक्रियामा सफलता प्राप्त गर्ने व्यक्तिहरूलाई अनुसूची २ को ढाँचा अनुसार प्रमाणपत्र जारी गर्ने ।

(५) स्थानीय तहमा रहेका अनौपचारिक शिक्षा तथा साधारण एवम् व्यावसायिक शिक्षा सम्बद्ध व्यक्तिहरूको विज्ञसमूह तयार गर्ने ।

(६) परीक्षण तथा प्रमाणीकरण गरिएका व्यक्तिहरूको अभिलेख अद्यावधिक गर्ने र सम्बन्धित जिल्ला शिक्षा समन्वय इकाइमा अभिलेख पठाउने ।

(७) अनौपचारिक शिक्षा तह तीन सम्मको परीक्षण तथा प्रमाणीकरण कार्यमा सहजीकरण गर्न सामुदायिक विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरू पहिचान गरी सक्षमता विकास गर्ने ।

(८) स्थानीय तह स्तरीय परीक्षण तथा प्रमाणीकरण कार्यका लागि गठित समितिको कार्यविधि तय गरी कार्यन्वयन गर्ने ।

(९) स्थानीय स्तरीय परीक्षण तथा प्रमाणीकरण समितिको सचिवालयको रूपमा कार्य गर्ने ।

## २८ सामुदायिक विद्यालय / सामुदायिक सिकाइ केन्द्रः

(१) योग्यता प्रारूपको व्यवस्था, तहगत योग्यता परीक्षण तथा प्रमाणीकरण प्रक्रियाका सम्बन्धमा समूदाय तहमा प्रवोधीकरण गर्ने ।

(२) अनौपचारिक शिक्षा तह ४ सम्मका सिकाइ सामग्रीहरूको परीक्षण तथा कार्यान्वयनमा सहजीकरण गर्ने ।

(३) समुदायमा औपचारिक शिक्षाबाट वञ्चित व्यक्तिहरू, विद्यालय शिक्षा पूरा नगरी विचैमा छाडेका व्यक्तिहरू, विभिन्न कारणबाट औपचारिक शिक्षामा भर्ना भइ पठनपाठन गर्न नसकेका र स्व-अध्यन वा कार्यथलोमा आधारित ज्ञान तथा सिप हासिल गरेका व्यक्तिहरूलाई योग्यता प्रारूप अनुसार योग्यता परीक्षण तथा प्रमाणीकरणका लागि प्रोत्साहित गर्ने

(४) विभिन्न गैर सरकारी सस्थाहरूबाट सञ्चालित साक्षरता शिक्षा साक्षरोत्तर शिक्षा वित्तिय साक्षरता शिक्षा लगायतका अनौपचारिक पद्दति अनुसार सञ्चालित कार्यक्रमहरूलाई योग्यता प्रारूप अनुसार योग्यता परीक्षण तथा प्रमाणीकरणका लागि अभिप्रेरित गर्ने

(५) अनौपचारिक शिक्षा तह चार सम्मको प्रारूप अनुसार हुने योग्यता परीक्षण तथा प्रमाणीकरणका लागि सस्थागत रूपमा तयार हुन

(६) अनौपचारिक शिक्षाका योग्यता परीक्षण तथा प्रमाणीकरण कार्यमा आवश्यक सहजीकरण गर्ने

(७) अनौपचारिक तथा वैकल्पिक शिक्षा, साक्षरता शिक्षा, वित्तीय साक्षरता, आय आजर्न कार्यक्रम लगायतका  कार्यक्रमको अभिलेख व्यवस्थापन गरी नियमित रूपमा अद्यावधिक गर्ने

(८) निरन्तर शिक्षा तथा साक्षरोत्तर शिक्षा लगायतका अनौपचारिक तथा वैकल्पिक शिक्षाका कार्यक्रमहरू सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने

## परिच्छेद छः विविध

२९ **<u>कार्यविधि परीक्षणका रूपमा लागु हुने</u>ः**

(१) यो कार्यविधि परीक्षणका रूपमा कार्यान्वयन हुने छ ।

(२) परीक्षणको अनुभवका आधारमा कार्यविधमा गरिएका प्रावधानहरू परिमार्जन गरिनेछ ।

३० **<u>कार्यविधिको व्याख्या</u>ः**

(१) कार्यविधिमा भएका व्यवस्थाहरूले अन्य कानुन अनुसारका कार्यक्रमहरू सञ्चालनमा अस्पष्टता भएको खण्डमा यस कार्यविधिको मर्म तथा प्रचलित अन्य कानुनको प्रतिकूल नहुने गरी आवश्यक व्याख्या गर्ने अधिकार केन्द्रमा हुनेछ ।

३१ **<u>आन्तरिक कार्यविधि बनाउन सक्ने</u>ः**

(१) स्थानीय सरकारले राष्ट्रिय योग्यता परीक्षण तथा प्रमाणीकरणका सम्बन्धमा यस कार्यविधिमा उल्लेख नभएका विषयहरूमा यस कार्यविधिको प्रतिकूल नहुने गरी आन्तरिक कार्यविधि तयार गरी कार्यान्वयन गर्ने सक्ने छ ।

३२ **<u>थप सुविधाको प्रवन्ध गर्न सक्ने</u>ः**

(१) केन्द्रले यस कार्यविधिको कार्यान्वयनलाई सहजीकरण गर्ने र प्रभावकारी कार्यान्वयनका लागि यस कार्यविधि अनुसार गठित समिति तथा उपसमितिहरूलाई थप सुविधाको प्रवन्ध गर्न सक्ने छ ।

(२) उपदफा (१) अनुसार गरिएको व्यवस्थाको अतिरिक्त स्थानीय सरकारले आफ्नो आन्तरिक स्रोत परीचालन गरी सक्षमता विकास र समिति तथा उपसमितिहरूलाई थप सुविधाको प्रवन्ध गर्न सक्ने छ ।

(३) तर यसरी सेवासुविधाको प्रवन्ध गर्दा स्थानीय तहले प्रचलित कानुन र अभ्यासको प्रतिकूल हुने गरी गर्न पाउने छैन ।

३३ **<u>प्रचलित कानुन अनुसार हुनेः</u>**

(१) यस कार्यविधिमा लेखिएका कुराहरू यसै वमोजिम हुनेछन् र यसमा उल्लेख नभएका परीक्षण तथा मूल्यङ्कन सम्बन्धी विषयहरूको हकमा प्रचलित कानुन अनुसार हुनेछन् ।

(२) यस कार्यविधिम अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि औपचारिक विद्यालय शिक्षाबाट सञ्चालन हुने सिकाइ मूल्याङ्कन प्रक्रिया प्रचलित ऐन, कानुन, नियमाली तथा निर्देशिका बमोजिम यथावत सञ्चालनमा रहने छन्।

**३४ <u>बाझिएमा अमान्य हुनेः</u>**

(१) यस कार्यविधिमा भएका व्यवस्थाहरू प्रचलित कानुन अनुसार बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन नै मान्य हुने छ ।

# अनुसूची १

समकक्षता परीक्षण तथा प्रमाणीकरण सम्बन्धी आवेदन
(परिच्छेद तीनको दफा ८ को उपदफा १ सँग सम्बन्धित)

मितिः

श्रीमान् अध्यक्ष ज्यू
समकक्षता तथा प्रमाणीकरण समितिको कार्यालय

विषयः परीक्षण तथा समकक्षता निर्धारण गरी पाउँ

उपर्युक्त सम्बन्धमा मैले स्व-अध्ययन, अनौपारिक सिकाइ, जिवन्त अनुभवका आधारमा हासिल गरेको ज्ञान तथा सिप प्रारूपले व्यवस्था गरेअनुसार समकक्षता परीक्षण तथा मान्यता निर्धारण गरी पाउँ भनी तोकिएको आवेदन दस्तुर बुझाएको रसिद सहित यो आवेदन पेस गरेको व्यहोरा अनुरोध छ ।

विवरण

| समकक्षता माग गरेको तह र कक्षा | स्वअध्ययनको प्रकार* | अध्ययन गरेका मुख्य मुख्य विषयहरू |
|---|---|---|
| तह १/तह २/ तह ३ | | |

*स्व अध्ययनको प्रकारमा अनलाईन कोर्ष गरेको वा सिकाइ सामग्री अध्ययन गरेको वा पहिला विद्यालयमा पढेको र विचैमा छाडेको वा पेसागत काममा सहभागी भएर सिकेको ज्ञान तथा सिप वा अन्य अनौपचारिक तरिकाबाट सिकेको कुरा उल्लेख गर्नु पर्ने छ ।

**समावेश गरेका कागजातहरुः**

(१) राजस्व तिरेको रसिदको सक्कल

(२) पहिला विद्यालय शिक्षामा अध्ययन गरी विचैमा विद्यालय छाडेको भए विद्यालयबाट जारी लव्धाङ्क पत्र वा चारित्रिक प्रमाण पत्र वा अन्य प्रमाणसम्वन्धी कागजात (उपलब्ध भएका मात्र समावेश गर्ने )

(३) विदेशी विद्यालयमा अध्ययन गरेको र विचैमा छाडेको अवस्था भए आफू पढेको विद्यालयबाट जारी लब्धाङ्क पत्र वा चारित्रिक प्रमाण पत्र वा अन्य केही प्रमाण (उपलब्ध भएका मात्र समावेश गर्ने )

माथि पेश गरिएका सवै विवरणहरू सही छन् । झुठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला भनी दस्तखत गर्ने ।

निवेदकको नाम थर

ठेगानाः

प्रदेशः

जिल्लाः

पालिकाः

वडानः

टोलः

फोन नः

दस्तखतः

# अनुसूची २

## मान्यता तथा समकक्षता प्रमाण पत्र

(परिच्छेद ४ को दफा ८ को उपदफा १ सँग सम्बन्धित)

....................पालिका/महानगरपालिको कार्यालय

**समकक्षता तथा मान्यता प्रमाण-पत्र**

यो प्रमाणित गरिन्छ कि .........प्रदेश .........जिल्ला ............ पालिका/महानगरपालिका वडा न ....टोल ............वस्ने श्री.................ले राष्ट्रिय योग्यता प्रारूप समकक्षता तथा प्रमाणीकरण समितिले सञ्चालन गरेको तह ...को परीक्षा सफलापूर्वक सम्पन्न गरेकोले समितिको निर्णयअनुसार आधारभूत तह / माध्यमिकत तह कक्षा ......सरहको मान्यता तथा समकक्षता निर्धारण गरी यो प्रमाण-पत्र जारी गरिएको छ ।

| | | |
|---|---|---|
| ............. | ...................... | ..................... |
| तयार गर्ने | प्रमाणित गर्ने | रूजु गर्ने |

जारी मितिः...............

अनुसूची ३ तह १

स्वमूल्याङ्कन फाराम

| **सक्षमताहरू** | **हो** | **होइन** |
|---|---|---|
| विभिन्न माध्यमबाट व्यक्त भएका साधारण विषयवस्तु वुझेर अर्थ बताउन र प्रतिक्रिया दिन सक्छु | | |
| मातृभाषा र अङ्ग्रेजी भाषाका वर्ण र साधारण शब्दको पहिचान गर्न सक्छु | | |
| मातृभाषा र अङ्ग्रेजी भाषाका वर्ण र साधारण शब्दको अर्थ बताउन सक्छु | | |
| सूचना तथा सञ्चार प्रविधिकोबारेमा सामान्य जानकारी छ | | |
| सूचना तथा सञ्चार प्रविधिको सामान्य रूपमा प्रयोग गर्न सक्छु | | |
| दैनिक जीवनसँग सम्बन्धित सामन्य जोड घटाउ तथा भागा गर्न सक्छु | | |
| व्यक्तिगत स्वास्थ्य र सुरक्षाप्रति सचेत छु | | |
| व्यक्तिगत स्वास्थ र सुरक्षाका सामान्य उपायहरू पहिचान गर्न सक्छु | | |
| आफ्नो समुदायको भौगोलिक अवस्था सामाजिक अवस्था र आर्थिक तथा सास्कृतिक गतिविधि वताउन सक्छु | | |

| | | |
|---|---|---|
| आफ्नो वरपरको स्थानीय सम्पदा र संस्कृतिको वचाउमा सरिक हुने गरेको छु | | |
| हाम्रा राष्ट्रिय विभुतिको बारेमा सामान्य जानकारी छ | | |
| मलाइ मेरो अधिकारको बारेमा जानकारी छ | | |
| मलाइ हाम्रो समाजमा सवैलाई समान व्यवहार गर्न पर्छ भन्ने कुरा थाहा छ | | |
| मलाइ आमाबाबाले गर्ने पेसा खेति किसानीका बारेमा जानकारी छ | | |
| मलाइ आमाबाबाले गर्ने पेसा खेति किसानी मन पर्छ र सकेको सहयोग गर्छु | | |
| म भोली गएर के काम गर्ने भन्ने वारेमा जानकार छु | | |
| मलाइ मानव र प्रक्रिति विच सन्तुलन कायम राख्नु पर्छ भन्ने जानकारी छ | | |
| मलाइ हामीले प्रक्रितिमा गरेको गलत कामकाका कारण वातावरणीय सन्तुलन विग्रेको कुरा थाहा छ | | |
| मलाइ समाजमा सवैजना मिलेर राम्रो सम्बन्ध राखेर वस्तु पर्छ भन्ने कुरा थाहा छ | | |
| मलाइ समाजमा हने झैझगडा तथा विवाद मन पर्दैन र यो हटाउन पर्छ भन्ने लाग्छ | | |

# अनुसूची ३ तह २

## स्वमूल्याङ्कन फाराम

| **सक्षमताहरू** | **हो** | **होइन** |
|---|---|---|
| विभिन्न माध्यमबाट व्यक्त भएका साधारण विषयवस्तु बुझ्न र अरूलाई वताउन सक्छु | | |
| अङ्ग्रेजी भाषाका सरल वाक्य प्रयोग गर्न सक्छु र सामान्य अभिव्यक्ति दिन सक्छु | | |
| मैले सूचना तथा सञ्चार प्रविधिको महत्त्व बताउन सक्छु र यसको सामान्य प्रयोग गर्न सक्छु | | |
| दैनिक जीवनका व्यावहारिक समस्यालाई गणितीय सिपको प्रयोग गरी समाधान हल गर्न सक्छु | | |
| दैनिक जीवनका सरल व्यावहारिक समस्याहरू पहिचान गरी समाधान गर्न सक्छु | | |
| आफ्नो स्वास्थ्य र सुरक्षाप्रति सचेत हुन्छु र बचाउका उपायहरू अवलम्बन गर्छू | | |
| आफ्नो परिवेश विश्लेषण गरी प्रादेशिक तहको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थाबारे सामन्य जानकारी प्रदान गर्न सक्छु | | |
| ऐतिहासिक महत्त्वका प्रादेशिक सम्पदा एवम् संस्कृतिको संरक्षण र संवर्धनका उपायहरू वताउन सक्छु | | |
| राष्ट्रिय विभूति र घटनाहरूले राष्ट्र निर्माणमा पुर्याएका योगदानको सामान्य चर्चा गर्न सक्छु | | |

| | | |
|---|---|---|
| मानवअधिकारको रक्षाका लागि सामान्य रूपमा सक्रिय हुन सक्छु | | |
| आफ्नो समाजमा सामाजिक सद्भाव बढाउन पर्ने कुराको प्रचार प्रसार गर्न सक्छु | | |
| मलाइ समावेशीताका बारेमा जानकारी छ र यसकाबारेमा अरूलाई पनि वताउन सक्छु | | |
| आफ्नोसमुदायका जातजातीले अवलम्बन गरेका पेसा व्यवसाय मलाइ राम्रो लाग्छ | | |
| मैले आफुलाई मन पर्ने पेसा वा व्यवसायको छनोट गर्न सक्छु | | |
| आफ्नो समाज तथा प्रदेश तहमा प्राकृतिक स्रोत साधनको अनावश्यक प्रयोगले पार्ने असरका बारेमा सामान्य रूपमा वचाउन सक्छ | | |
| सामाजिक न्यायका लागि प्रादेशिक तहमा भएका प्रयासहरूका बारेमा जानकारी दिन सक्छु | | |
| सामाजिक सद्भाव बढाउने कार्यमा आफ्नो समुदायमा प्रचार प्रसार गर्न सक्छु | | |

## अनुसूची ३ तह ३

## स्वमूल्याङ्कन फाराम

| **सक्षमताहरू** | **हो** | **होइन** |
|---|---|---|
| विभिन्न माध्यमबाट व्यक्त भएका साधारण विषयवस्तु बोध र तर्कपूर्ण सञ्चार गर्न सक्छु | | |
| अङ्ग्रेजी भाषाका सरल वाक्य प्रयोग गरी अन्तर्क्रिया गर्न सक्छु | | |
| सूचना तथा सञ्चार प्रविधि र सामाजिक सञ्जाललाई दैनिक जीवनमा उपयोग गर्न सक्छु | | |
| दैनिक जीवनका व्यवहारिक विविध समस्यालाई गणितीय सिपको प्रयोग गरी समाधान गर्न सक्छु | | |
| सरल व्यावहारिक समस्याहरूलाई तथ्यपरक पहिचान र योजनाबद्ध रूपमा समाधान | | |
| स्वास्थ्य र सुरक्षाप्रति सचेत भई बचाउ र उपचारका उपाय प्रभावककारी रूपमा अवलम्बन गर्न सक्छु | | |
| सार्क स्तरसम्मको भौगोलिक, सामाजिक, आर्थिक, र सांस्कृतिक अवस्थाको विशलेषण, स्रोत तथा सेवाको समानुपातिक प्रयोगका लागि पैरवी र उपयोग गर्न सक्छु | | |
| ऐतिहासिक महत्त्वका राष्ट्रिय सम्पदा एवम् संस्कृतिको संरक्षण र संवर्धनका साथै राष्ट्रिय विभूति र घटनाहरूले राष्ट्र निर्माणमा पुर्याएका योगदानको विवेचना गर्न सक्छु | | |
| मानवअधिकार, सामाजिक सद्भाव र समावेशी सिद्धान्तको विवेचना र अनुसरण गर्ने गरेको छु | | |

| | | |
|---|---|---|
| कामको सम्मान गरी प्रतिफलको सही उपयोग, नीतिगत व्यवस्थाको कार्यान्वयको वकालत तथा पैरवी गर्न सक्छु | | |
| छनोट गरिएको पेसा वा व्यवसायका लागि योजनाबद्ध दक्षता अभिवृद्धि कार्यमा सरिक हुन सक्छु | | |
| दिगो विकासका लागि प्राकृतिक स्रोत साधनको संरक्षण र संवर्धन कार्यमा सरिक हुन सक्छु | | |
| सामाजिक न्याय प्रवर्द्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा भएका व्यक्तिगत र संस्थागत प्रयासका अनुभवहरूका आधारमा सोको प्रवर्द्धनमा सरिक हुन सक्छु | | |
| सामाजिक सद्भाव प्रवर्द्धनको कार्ययोजना कार्यान्वयन गर्न सक्छु | | |
| द्वन्द्वको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रभावहरू उल्लेख र द्वन्द्व व्यवस्थापन कार्यमा सहभागी हुन सक्छु | | |